# उत्तरगया गाउँपालिका गाउँ सभा बैठक निर्णय पुस्तिका

अधिवेशनः बीसौं बैठक संख्याः १ मितिः २०८३।०३।१०

निर्णयहरूः

१. उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

२. उत्तरगया गाउँपालिकाको आ.व. २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन माथि छलफलहुँदा असुल उपर गर्नुपर्ने र प्रमाण कागजात पुऱ्याउनुपर्ने बेरुजुको हकमा फर्छ्यौट सम्बन्धी कार्यका लागि कार्यालयलाई निर्देशन दिई नियमित गर्नुपर्ने बेरुजुको हकमा आगामी गाउँसभाको बैठकमा लेखा समितिको विस्तृत प्रतिवेदन मार्फत छलफल हुने गरी लेखा समितिमा पठाउने निर्णय गरियो ।

३. आगामी आर्थिक वर्षका लागि गाउँपालिकाको अधिकार क्षेत्र भित्र रहेका करका दरहरुलाई व्यवस्थित गरिएकोमा चालु वर्षका करका दरहरुमा हेरफेर नगरी सम्पत्ती कर, भूमि(मालपोत) कर, घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, तथा विभिन्न शुल्कहरु जस्तै, विक्री शुल्क, बहाल बिटौरी शुल्क, पार्किङ्ग शुल्क, सेवा शुल्क, प्रर्यटन प्रवेश शुल्क र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क आदि व्यवस्थित गर्न"अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३" लाई सर्वसम्मतिले स्वीकृत गरी "आर्थिक ऐन २०८३" लाई २०८३ श्रावण १ गतेदेखि लागु गर्ने निर्णय गरियो ।

४. आ.व. २०८२/०८३ मा न्यायिक समिति तथा वडा मेलमिलापकेन्द्रहरुमा प्राप्त उजुरी तथा उजुरी फछ्यौंट, मेलमिलाप र अन्य न्यायिक गतिविधि समेटिएको न्यायिक समितिको वार्षिक प्रतिवेदन, २०८३ सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

# उत्तरगया गाउँपालिका गाउँ सभा बैठक निर्णय पुस्तिका

अधिवेशन: बीसौं बैठक संख्या: १ मिति: २०८३।०३।१०

५. उत्तरगया गाउँपालिकाको आ.व.२०८२/०८३ मा संस्थागत विकास तथा सुशासन समितिले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा तथा मूल्यांकनका सम्बन्धमा तयार पारिएको संस्थागत विकास तथा सुशासन समितिको प्रतिवेदन, २०८३ सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

६. उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४-२०८५/०८६ को मध्यमकालीन खर्च संरचना २०८३गाउँ सभाको आगामी बैठकमा छलफल तथा अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो।

७. सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको "विनियोजन विधेयक,२०८३" गाउँ सभाको आगामी बैठकमा छलफल तथा अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

८. आ.व. २०८२/०८३ को स्वीकृत तपसिल बमोजिमका कार्यक्रम अन्तर्गत विनियोजन ऐन, २०८२ बमोजिम छुट्याइएको शीर्षक अन्तर्गत अपुग भई तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र सं | घटाउनुपर्नेरकम | शीर्षक | शीर्षक | थपगर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | ४,००,००० | क्षमताविकास योजना निर्माण | सवारी साधनतथा मेसिनरी औजार भाडामा | ४,००,००० |
| २ | १०,००,००० | कार्यालयसुदृढीकरण | नयाँ पुलपैरेवेशी सडक | १०,००,००० |
| ३ | ५,००,००० | अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्यवन तथा निरन्तरता | बालविकासविद्यालय सहायक, सहयोगी, सामाजिक परिचालकलाई थप प्रोत्साहन अनुदान र मा.वि.विद्यालय सहयोगी | १२,००,००० |
| ४ | ७,००,००० | अभिभावकशिक्षा कार्यक्रम | | |
| ५ | १,८०,००० | विद्यालयहरुलाई शैक्षिक/खेलकुद सामाग्री तथा | उच्च शिक्षा अध्ययन | १,८०,००० |

# उत्तरगया गाउँपालिका गाउँ सभा बैठक निर्णय पुस्तिका

अधिवेशनः बीसौं  बैठक संख्याः १  मितिः २०८३।०३।१०

| | | | | |
|---|---|---|---|---|
| | | मसलन्द (संघीय मसलन्द बराबर) र मेसिनरी औजार मर्मत समेत | छात्रवृत्ति | |
| ६ | १७,००,००० | संस्थागत साझेदारी | वडा नं ५ कार्यालय भवन निर्माण | १७,००,००० |

९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम गठित तपसिल बमोजिमका समितिमा देहाय बमोजिमका सदस्य रहने गरी पुनर्गठन गर्ने निर्णय गरियो ।

तपसिलः

लेखा समिति

१. श्री ओम प्रसाद आचार्य - संयोजक
२. श्री प्रताप सिंह बुलुन - सदस्य
३. श्री सुनिता सुनार – सदस्य
४. श्री राजेन्द्र नेपाल ( आन्तरिक लेखा परीक्षण शाखा प्रमुख ) – सदस्य सचिव

विधायन समिति

१. श्री बमबहादुर गुरुङ - संयोजक
२. श्री बासुदेव न्यौपाने – सदस्य
३. श्री बुटी तामाङ – सदस्य
४. श्री चन्द्र आचार्य – सदस्य सचिव

सुशासन समिति

१. श्री चमेली गुरुङ - संयोजक
२. श्री पूर्ण घले – सदस्य
३. श्री ज्ञानु विश्वकर्मा – सदस्य
४. श्री सृष्टि के.सी.- सदस्य सचिव

१०. आगामी बैठक अर्को सूचना जारी नभए सम्मको लागि स्थगित गर्ने निर्णय गरियो।